# तातोपानी गाउँपालिका,जुम्ला

## दोस्रो चौमासिक समिक्षा तथा सार्वजानिक सुनुवाई-२०७९

## आ.ब. २०७९।०८०



## कर्णाली पोष्ट दैनिक,जुम्ला

२०८९ चैत ७ गते

*तातोपानी गाउँपालिकाको दोस्रो चौमासिक समिक्षा तथा सार्वजानिक सुनुवाई-२०७९*

# प्रतिवेदन (Report)

नेपालको संविधानको धारा २९५ उपधारा ३ बमोजिम कायम भएका मुलुकका ७५३ स्थानीयतह मध्य एक हो,तातोपानी गाउँपालिका । यश पालिकाका पश्चिममा तिला,पुर्वममा चन्दननाथ,उत्तर सिंजा र दक्षिण छिमेकि जिल्ला जाजरकोट पर्छ ।

राज्य पुर्नसंरचनामा गएपछि स्थापित नयाँ संरचना हो प्रदेश । मुलुकका सात प्रदेश मध्य नेपालको कर्णाली प्रदेशका १० जिल्ला भित्र पर्ने जुम्ला जिल्ला स्थिततातोपानी गाउँपालिकामा साविकका चार गाविस (तातोपानी,लाम्रा, ताम्ती र हाँकु)गरी ४ गा.वि.स.हरु मिलेर बनेको पालिका हो । ५२५.५१ वर्ग किमि क्षेत्रफलमा फैलिएको यस तातोपानी गाउँपालिकाको जनसंख्या २०६८ को जनगणना अनुसार १४,६३८ र गाउँ बस्तुगत विबरण २०७४ अनुसार जनसख्या १७,८३४ कुल घरपरिवार ३१,१६ रहेको छ । ८ वटा वडा कार्यालयहरु रहेको यस तातोपानी गाउँपालिकाको केन्द्र कर्णाली प्रदेशको निर्णय अनुसार तातोपानी गाउँपालिकाको स्थाई केन्द्र तातोपानी ३ लिताकोटमा तोकिएको छ ।

स्थानीय तहको निर्वाचन-२०७९ बैसाख ३० गते सम्पन्न भएपछि जन निर्वाचित प्रतिनिधिहरूले पद तथा गोपिनियताको सपथ लिएसंगै जनताको आबश्यकता र मागनुसारको विकासलाई प्रथामिकता दिएका छन् । जिल्लाका आठ स्थानीयतह मध्य तातोपानी गाउँपालिकाले आफ्नो स्थापनाकालदेखि हाल सम्म नागरिकलाई सूचनाको हकको प्रत्याभुति दिलाउनुका साथै सुशासन पारदर्शिताका सवालमा उल्लेखीय रुपमा काम गर्दै आएको छ ।

सार्वजानिक सुनुवाई ऐन २०५५ र नियमावली २०५६ अनुसार सबै सरकारी निकायले आफ्ना गतिविधि काम कारबाहिबारे नागरिकलाई जानकारी गराउनुपर्ने नीतिगत व्यवस्था छ । साथै सूचनाको हक २०६४ को दफा (५) र उपदफा (३) बमोजिम सरकारी तथा सार्वजानिक निकायले आफ्ना हरेक गतिविधिको जानकारी आम नागरिकमा अनिवार्य गर्नुपर्ने,सुशासन पादर्शिता कायम गर्न,नागरिकका गुनासा सुन्न र संबोधन गर्न अनिवार्य आफ्ना गतिविधि सार्वजानिक गर्नुपर्ने प्रावधान अनुसार यस तातोपानी गाउँपालिकाको चैत गते चालु आर्थिक वर्ष २०७९/८० को दोस्रो चौमासिक समिक्षा तथा सार्वजानिक सुनुवाई कार्यक्रम सम्पन्न भएको छ । जुम्लामा विगत ५ वर्षदेखि नियमित प्रकाशन हुदै आएको कर्णाली पोष्ट दैनिक पत्रिकाको सहजीकरण,तातोपानी पत्रकार मञ्चको समन्वय र पालिकाको आयोजनामा दोस्रो समिक्षा तथा सार्वजानिक सुनुवाई सम्पन्न भयो । कार्यक्रमको सहजीकरण पत्रकार सागर परियारले गर्नु

भएको थियो । भने कार्यक्रमको सभाध्यक्ष पालिकाका अध्यक्ष नन्दप्रसाद चौलागाई,प्रमुख अतिथि जिल्ला समन्वय समितिका कार्यवाहक प्रमुख नरविर सुनार थिए ।

दोस्रो चौमासिक प्रगती प्रतिबेदन अनुसार तातोपानीले सुशासन पारदर्शिता कायम संगै भौतिक विकास र सेवा प्रवाहको सन्दर्भमा जिल्लामै अब्बल बनेको छ । दोस्रो चौमासिकमै ६० प्रतिशत बढी भौतिक प्रगती भएको पाइयो । जुन कार्य जिल्लाकै नमुना काम हो । असारे विकासको अन्त्य गर्ने लक्ष्यका साथ कार्यसम्पादन सम्झौता गरी अघि बढेको तातोपानीले बैशाख मसान्तभित्रै सबै योजना निर्माण र भुक्तानी समेत दिएर सक्ने उद्देश्यअनुसार काम भई रहेको छ ।

सार्वजानिक सुनुवाईमा वडा नं. १ देखि ८ का वडासचिवले आठ महिनामा वडा सरकारबाट भएका कार्यसम्पादन,राजश्व संकलन,चुनौती लगायतका विषयमा प्रगती प्रतिबेदन पेश गरेका थिए । पालिकाका सबै विषयगत शाखा प्रमुखहरुले पनि दोस्रो चौमासिक सम्मको प्रगती प्रतिबेदन प्रस्तुत गरेका थिए । वडा सचिवदेखि पालिकाका विषयगत शाखा प्रमुखहरुले प्रस्तुत गरेको प्रतिबेदन माथि सहभागी नागरिकले आफुलाई लागेको जिज्ञासा प्रश्न र सुझाब राखेका थिए । जुन प्रतिबेदनको तल जस्ताको तस्तै उल्लेख गर्ने छौ ।

सिमित स्रोत सधानका बीच नागरिकका असिमित आबश्यकता परिपुर्ति गर्न पालिकाले सुरुवाती देखिनै पृथक प्रयास गर्दै आएको छ । भाषा,सांस्कृतिको संरक्षण,पर्यटन प्रबद्धन,उद्यमशीलता विकास,भौतिक विकास र महिला शसक्तिकरण,स्वास्थ्य सेवा विस्तार लगायतका क्षेत्रमा तातोपानीले उल्लेखीय काम गर्दै आएको छ ।

जुम्लाका आठ स्थानीय तहमध्य तातोपानी गाउँपालिका सेवा प्रवाहसंगै भौतिक विकासमा फड्को मारेको छ । कर्णालीका ७९ वटै स्थानीय तहमै पहिलो जनप्रतिनिधि र कर्मचारीबीच कार्यसम्पादन सम्झौता गरेको थियो । बैशाख मसान्तसम्म पालिकाका सबै योजना निर्माण र भुक्तानी गरिसक्ने लक्ष्य अनुसार तातोपानीले भौतिक विकासमा फड्को मारेको हो ।

मंगलबार सम्पन्न दोस्रो चौमासिक समिक्षा तथा सार्वजानिक सुनुवाईमा प्रस्तुत प्रगती प्रतिबेदन अनुसार तातोपानीले दोस्रो चौमासिकमै ६० प्रतिशतबढी योजना सम्पन्न गरेको छ । पालिकाका कुल १ सय ६२ वटा योजना रहेकोमा दोस्रो चौमासिक सम्म ६१ योजना सम्पन्न भईसकेका छन् । सम्पन्न भएका ६१ योजना मध्य ३४ योजना भुक्तानी समेत भईसकेको छ । भने २७ योजना भुक्तानी प्रक्रियामा छन् ।

योजनागत हिसाबमा तातोपानीले ६० प्रतिशतबढी भौतिक प्रगती हासिल गरेको छ । काम सम्पन्न भईसकेका तर उपभोक्ता भुक्तानी लिन नआएकोले पनि वित्तिय प्रगती काम देखिन सक्छ । तर जुन गत आव भन्दा धेरै बढीनै हो । तथापी,राष्ट्ति शैक्षिक सुधार कार्यक्रम अन्तर्गतका विद्यालय भवन निर्माण दुर्तगतीमा हुन सकेका छैनन् ।

पालिकाका १३२,ठेक्काबाट संचालित १०,प्रदेशका १९ र संघिय सरकारको १ वटा गरी जम्मा १ सय ६२ योजना रहेकोमा ठेक्का र प्रदेशका ठुला योजना बाहेक पालिकाका सबै योजना बैशाख मसान्तमै सकिने सव-ईन्जिनियर अधिकारीको भनाई छ । ८ वटा वडा रहेको तातोपानीमा ८ नम्बर वडा ताम्ती टोप्ला क्षेत्रका मात्रै ७० प्रतिशत योजना सम्पन्न भईसकेका छन् ।

पुँजीगत खर्च बढाउन,असारे विकासको अन्त्य गर्न कार्यसम्पादन सम्झौता भएकोमा बैशाख मसान्तमै योजना निर्माण सक्ने उद्देश्य अनुरुप जनप्रतिनिधि,कर्मचारी सबै खटिँदा दोस्रो चौमासिकमा तातोपानीले भौतिक विकासमा जिल्लामै अब्बलता देखाएको छ । तातोपानी गाउँपालिकाले चालु आर्थिक वर्षको दोस्रो चौमासिक अर्थात आठ महिनामा कुल पुँजीगत बजेटको २३ प्रतिशत खर्च गरेको छ । चालु आवको फागुन मसान्तसम्म पालिकाको विकासखर्च २३.५६ प्रतिशत भएको हो ।

तातोपानीमा चालु आवमा पुँजीगत तर्फ कुल २६ करोड ९२ लाख ३३ हजार २२५ रुपैया विनियोजन गरिएको थियो । जसमा आठ महिनामा ६ करोड ३४ लाख ३८ हजार ५०२ रुपैया अर्थात २३.५६ प्रतिशत वित्तिय प्रगती भएको तातोपानी गाउँपालिकाका लेखापाल शिवराज न्यौपानले बताए । उनका अनुसार चालु खर्च भने ४६ प्रतिशत भएको छ ।

योजना सम्पन्न भएको तुलनामा भुक्तानी कम देखिन्छ । काम सम्पन्न भई अनुगमन समेत भईसकेका योजनाको भुक्तानी लिन उपभोक्ता नआउँदा विकास खर्च कम देखिएको हो । यदपी,नियमित भुक्तानीको काम भईरहेको छ । बैशाख सम्म योजना निर्माण र भुक्तानी सक्ने लक्ष्य अनुसारनै काम भईरहेको छ ।

मंगलबार सम्पन्न तातोपानीको दोस्रो चौमासिक सार्वजानिक सुनुवाईमा नागरिक अगुवा,पत्रकार,दलहरुका प्रतिनिधिहरुले तातोपानीलाई समृद्ध बनाउन आबश्यकतामुखी योजना वितरण,अनुगमन निरिक्षण,छिटो छरितो सेवा प्रवाह गर्न र गुनासो सुनुवाईलाई प्रभावकारी बनाउन सुझाब दिएका छन् ।

तातोपानी गाउँपालिकाका अध्यक्ष नन्दप्रसाद चौलागाईले भौतिक विकाससंगै पालिकाको सेवा प्रवाह,गुनासो सुनुवाई लगायतका कामलाई थप प्रभावकारी बनाईने प्रतिबद्धता गर्नुभयो ।

## २. विधिः

- औपचारिक कार्यक्रम
- आशनग्रहण
- गाउँपालिकाका १ देखि ८ नम्बर वडा र सबै विषयगत शाखाको कामहरुको प्रस्तुतीकरण
- सार्वजानिक सुनुवाईमा भाग लिँदा अपनाउनु पर्ने नियम प्रस्तुत
- प्रश्नउत्तरको खुल्ला सेसन
- स्थानीयको प्रश्न,सूझाव तथा जिज्ञासा
- गाउँपालिकाका जवाफदेहीबक्ताको जवाफ
- अतिथिहरुको भनाई
- कार्यक्रमको टिप्पणी तथा फोटो
- समापन

## ३) भएका मुख्य क्रियाकलापहरु :

अध्यक्षता : नन्द प्रसाद चौलागाई,गाउँपालिका अध्यक्ष

प्रमुख अतिथिः नरविर सुनार कार्यवाहक,जिल्ला समन्वय समिति,प्रमुख

विशेष अतिथिः रेवती रावल,गाउँपालिका उपाध्यक्ष

दिप प्रज्वलन,ब्यानर उद्घाटन,ब्याज वितरण

स्वागत मन्तव्य : रेवती रावल,उपाध्यक्ष

बार्षिक गतिविधि प्रस्तुती : वडा नं. १ देखि ८ का वडासचिव र पालिकाका सबै विषयगत शाखाका प्रमुखहरु ।

कार्यक्रम सहजीकरण संस्था : कर्णाली पोष्ट दैनिक ।

कार्यक्रमको बजेट : ३५,०००। (पैतिस हजार)

**सञ्चालक** : सागर परियार (पत्रकार)

नागरिकबाट आएका गुनासा/प्रश्न र जिज्ञासाको टिप्णीकर्ता तथा फोटोः मानदत्त रावल, पत्रकार

सार्वजानिक सुनुवाईमा उठेका प्रश्न गुनासालाई आगामी नीतिमा समेटी संबोधन गरिने उल्लेख गर्नुभयो ।

महिला शसक्तिकरण,उद्यमशीलता,न्याय सम्पादनको कार्यलाई प्रथामिकता दिएको उपाध्यक्ष रेवती रावलले बताउनुभयो । पाँच वर्षमा महिला उद्यम शीलताका क्षेत्रमा उल्लेखीय कार्य हुने उहाँको दाबी छ । सूचनाको हकको प्रत्याभुति दिलाउन,सुशासन पारदर्शीता कायम गर्न र नागरिकका गुनासा सून्न रहेक चार महिनामा समिक्षा र सार्वजानिक सुनुवाई गर्दै आएको प्रमुख प्रशासकिय अधिकृत तिर्थ कठायतले बताउनुभयो । जिससका कार्यवाहक प्रमुख नरविर सुनारले सेवा प्रवाह र भौतिक विकासमा तातोपानीले देखाएको अब्बलताको प्रशंसा गर्नुभयो ।

**अन्तमा**,विकास निर्माण,सेवा प्रवाह,पर्यटन प्रर्बद्धन,उद्यमशीलता विकास,सांस्कृति संरक्षणमा उल्लेखीय काम गर्दै आएको तातोपानी गाउँपालिकाले नागरिकको गुनासो सुनुवाई तथा सुशासन पारदर्शीता कायमका पनि जोड दिदै आएको छ । नागरिकको सूचना पाउने हकलाई सुनिश्चित गर्न,आफ्ना हरेक गतिविधि नागरिक माझ छर्लङ्ग पार्न प्रत्यक चौमासिकमा तातोपानीले गर्दै आएको समिक्षा तथा सार्वजानिक सुनुवाई कार्यक्रमलाई निरन्तरता दिन जरुरी छ । भने जिल्लाका अन्य पालिकाले पनि तातोपानीले विकास निर्माण देखाएको अब्बलता र सेवा प्रवाह ल्याएको पृथक प्रयासको अनुसरण गर्न पनि आबश्यक छ । सार्वजानिक सुनुवाईका अबसरमा उठेका जिज्ञासा प्रश्नको उचित संबोधन गरी आगामी दिनमा विगतका जस्तै गुनासा नआउने गरी काम गर्न तर्फ पनि पालिकाको विशेष ध्यान पुग्न जरुरी छ । कर्णाली पोष्टले सहजीकरण गरेको उक्त सार्वजानिक सुनुवाईमा प्रस्तुत प्रतिबेदन,उठेका प्रश्न र जवाफदेहि वक्ताको जवाफ सहित यो प्रतिबेदन तयार गरिएको छ ।

**१) उद्देश्य :**

- तातोपानी गाउँपालिकाको गत आ.ब. २०७८/०७९ को दोस्रो चौमासिकमा भएका काम तथा गतिविधिहरु आम नागरिक र सरोकारवालाहरु विच सार्वजनिक गर्ने
- चालु आ.व २०७९/०८० दोस्रो चौमासिक समिक्षा तथा सार्वजानिक सुनुवाई गर्ने
- नागरिकका गुनासा,जिज्ञासा र प्रश्न सुन्ने, सुझाव लिने
- प्राप्त सुझाबका आधारमा नीति बनाएर संबोधन गर्ने
- सूचनाको हकको कार्यान्वय तथा सुशासन पारदर्शीता कायम गर्ने
- स्थानीयतहको सेवा ,काम कारबाहिबारे नागरिकको अनुभुति बुझ्ने लगायत ।

## २. विधिः

- औपचारिक कार्यक्रम
- आशनग्रहण
- गाउँपालिकाका १ देखि ८ नम्बर वडा र सबै विषयगत शाखाको कामहरुको प्रस्तुतीकरण
- सार्वजानिक सुनुवाईमा भाग लिँदा अपनाउनु पर्ने नियम प्रस्तुत
- प्रश्नउत्तरको खुल्ला सेसन
- स्थानीयको प्रश्न,सूझाव तथा जिज्ञासा
- गाउँपालिकाका जवाफदेहीबक्ताको जवाफ
- अतिथिहरुको भनाई
- कार्यक्रमको टिप्पणी तथा फोटो
- समापन

## ३) भएका मुख्य क्रियाकलापहरु :

अध्यक्षता : नन्द प्रसाद चौलागाई,गाउँपालिका अध्यक्ष

प्रमुख अतिथिः नरविर सुनार कार्यवाहक,जिल्ला समन्वय समिति,प्रमुख

विशेष अतिथिः रेवती रावल,गाउँपालिका उपाध्यक्ष

दिप प्रज्वलन,ब्यानर उद्घाटन,ब्याज वितरण

स्वागत मन्तव्य : रेवती रावल,उपाध्यक्ष

बार्षिक गतिविधि  प्रस्तुती : वडा नं. १ देखि ८ का वडासचिव र पालिकाका सबै विषयगत शाखाका प्रमुखहरु ।

कार्यक्रम सहजीकरण संस्था : कर्णाली पोष्ट दैनिक ।

कार्यक्रमको बजेट : ३५,०००। (पैतिस हजार)

**सञ्चालक** : सागर परियार (पत्रकार)

नागरिकबाट आएका गुनासा/प्रश्न र जिज्ञासाको टिप्णीकर्ता तथा फोटोः मानदत्त रावल, पत्रकार

# खर्च बिबरण :

**गत आव २०७९/८०**

जम्मा पुजिगत बजेट : २६ करोड ९२ लाख ३३ हजार २२५ रुपैया

दोस्रो चौमासिक खर्च : ६ करोड ३४ लाख ३८ हजार ५०२ रुपैया अर्थात २३.५६ प्रतिशत

चालु खर्च ४६ प्रतिशत भएको

## नागरिकबाट आएका गुनासा/प्रश्न र जिज्ञासा तथा जवाफ

| क्र.स | गुनासो कर्ताको नाम | गुनासो, प्रश्न, जिज्ञासा | जवाफदेही कर्ताको नाम | जवाफ |
|---|---|---|---|---|
| १ | काली शाही<br>(महिला स्वयम् सेविका ) | महिला स्वयम् सेविकाका सेवा सुविधान नपाएको | गुरुप्रसाद चौलागाई<br>(स्वास्थ्य शाखा संयोजक) | सरकारले तोकेको महिला स्वयम्<br>सुविधा उपलव्ध गराएका छौं |
| २ | मोतीपुरा रावल<br>(महिला स्वयम् सेविका ) | महिला स्वयम् सेविकालाई रातअर्धरात बोलाउन्छन् । दुख्ख हुन्छ । मासिक ५ सय मात्रै सुविधा पाउने गरेका छौं । | गुरुप्रसाद चौलागाई<br>(स्वास्थ्य शाखा संयोजक) | प्रदेश र संघले पाउने सेवा सुविध<br>। ६७ जना महिला स्वयम् सेविका<br>सहज होस भनेर सादा मोवाइल<br>गरेका छौं । |
| ३ | जुनकली शाही<br>(महिला स्वयम् सेविका ) | मासिक प्रतिवेदन पठाउने रजिष्टर पाएका छैनौ । सुत्केरीलाई समयमा सुत्केरी भत्ता दिन सकिएको छैन । | गुरुप्रसाद चौलागाई<br>(स्वास्थ्य शाखा संयोजक) | समयमा सुत्केरी भत्ता वितरण ग<br>स्थापना गर्ने तयारी गरिएको छ<br>पटक पनि तालिम दिने गरिएक<br>वितरण गर्ने तयारी गरिएको छ । |
| ४ | सागर परियार<br>(पत्रकार) | उपभोक्ता समितिलाई क्षमता बृद्धि तालिम दिन आवश्यक छ । ताकि उनीहरुलाई कार्यसम्पदान गर्न सजिलो होस् | तिर्थ कठायत<br>प्रमुख प्रशासकीय अधिकृत | उपभोक्ता समितिको कार्यसम्पा<br>ल्याउनका लागि क्षमता अभिवृद्धि<br>व्यवस्थापन गर्ने छौं । करक<br>सरकारी नियम अनुसार नै कारि<br>अर्कोको प्राविधिक नापजाँच अनु<br>आयोजनाको रकम घटेर भुक्तानी |

*तातोपानी गाउँपालिकाको दोस्रो चौमासिक समिक्षा तथा सार्वजानिक सुनुवाई-२०७९*

| | | | | |
|---|---|---|---|---|
| ५ | विजय रावत<br>पत्रकार | टुक्रे योजना भन्दा ठुला देखिने आयोजना निर्माण गर्न आवश्यक रहेको छ । | नन्दप्रसाद चौलागाई<br>अध्यक्ष | स्थानीय सरकार भनेको नागरि सरकार हो । यसले ठुला भन्दा सानातिना समस्यालाई समाधान ठुला आयोजना निर्माण गर्नका संघीय सरकारसँग समन्वय गर्ने ग |
| ६ | डिल्ली कामी | हियाखोला लिफ्ट सिचाई सञ्चालनमा आएन | नन्दप्रसाद चौलागाई<br>अध्यक्ष | लिफ्ट सिचाईको अनुगमन पटक छ । दिगो रुपमा संचालन गर्नक नागरिक पनि जागरुक भएर म संरक्षण गर्न आवश्यक रहेको छ सञ्चालनमा ल्याउने समन्वय भई |
| ७ | मानदत्त रावल<br>पत्रकार | आयोजनाको होडिङ बोर्डको खर्च देखिने बोर्ड देखिने गरेका छैनन् । | तिर्थ कठायत<br>प्रमुख प्रशासकीय अधिकृत | हरेक आयोजनाको होडिङ बोर्ड यसले आयोजनाका बारेमा जानक यो एउटा सुशासनको पनि पक्ष ह होडिङ बोर्ड राखिने छ । |

तातोपानी गाउँपालिकाको दोस्रो चौमासिक समिक्षा तथा सार्वजानिक सुनुवाई-२०७९




कार्यक्रममा वित्तिय प्रगती प्रस्तुत गर्दै तातोपानी गाउँपालिकाका लेखापाल शिवराज न्यौपाने




कार्यक्रममा वडागत प्रगती प्रतिवेदन प्रस्तुत गर्दै वडा नं. १ का वडासचिव मिन ब.डाँगी

तातोपानी गाउँपालिकाको दोस्रो चौमासिक समिक्षा तथा सार्वजानिक सुनुवाई-२०७९




दोस्रो चौमासिक समिक्षा तथा सार्वजानिक सुनुवाई कार्यक्रममा सहभगी सरोकारवाला



दोस्रो चौमासिक समिक्षा तथा सार्वजानिक सुनुवाईमा सहभागी स्वयमसेविका लगायत अन्य नागरिक

*तातोपानी गाउँपालिकाको दोस्रो चौमासिक समिक्षा तथा सार्वजानिक सुनुवाई-२०७९*




*कार्यक्रममा विषयगत शाखाको प्रगती प्रतिवेदन प्रस्तुत गर्दै महिला तथा बालबालिका शाखा प्रमुख शान्ति सेजुवाल*



*सहभागीबाट उठेका प्रश्न,जिज्ञासाको जवाफदिदै गाउँपालिका अध्यक्ष नन्दप्रसाद चौलागाई*

## मुख्य उपलब्धीहरु :

- आर्थिक बर्ष २०७९/८० को दोस्रो चौमासिकका गतिविधि आम नागरिक समक्ष प्रस्तुत
- चालु आर्थिक वर्षको दोस्रो चौमासिक समिक्षा तथा सार्वजानिक सुनुवाई
- नागरिकलाई सूचनाको हकको प्रत्याभुति
- जनताको गुनासो सुन्ने र संबोधन गर्ने परिपाटीको विकास
- नागरिकहरुमा सरकारप्रति खुलेर प्रश्न राख्ने क्षामताको विकास

- पालिकाका विषयमा चित्त नबुझेका कुराहरुमा आमनेसामने दोहोरो संबादपछि नागरिकमा सन्तुष्टी
- काम गर्ने क्रममा भएका कमीकमजोरी आगामी दिन नदोहोराउने जनता सक्षम जनप्रतिनिधिको प्रतिबद्धता ।
- नागरिकलाई आफ्नो जिम्मेवारी र कर्तव्यको बोध
- पालिकालाई अधि बढाउन विभिन्न क्षेत्र वर्गका मानिसबाट महत्वपुर्ण सुझावहरु प्राप्त
- पालिकाको विकासमा समग्र जनप्रतिनिधि,कर्मचारी र नागरिकको त्रिकोणात्मक सम्बन्ध समधुर बनाई लाग्नुपर्ने कुराको सिकाई

**निश्कर्ष :**

मुलतः दोस्रो चौमासिक समिक्षा तथा तथा सार्वजानिक सुनुवाई जस्ता कार्यक्रमलाई नागरिकको गुनासा सुन्ने संगै प्रश्न गर्ने क्षामताको विकास र सुशासन पार्दशिता कायमको कडीका रुपमा लिइएको छ । सार्वजानिक सुनुवाई ऐन २०५५ र नियमाबाली २०५६ को पुर्ण कार्यान्वयन,सूचनाको हक २०६४ को दफा (५) र उपदफा (३) बमोजिम सरकारी तथा सार्वजानिक नियकाले आफ्ना गतिविधिहरु आम नागरिकमा अनिवार्य प्रवाह गर्नुपर्ने प्रावधानको कार्यान्वयन भएको छ । जसन कार्यका अन्य स्थानीय तह र सरकारी विषयगत कार्यालयका लागि अनुसरणयोग्य छ ।

पहिलो चौमासिक सार्वजानिक सुनुवाई गरेको तातोपानी दोस्रो चौमासिक समिक्षा तथा सर्वजानिक गर्नु तातोपानी गाउंपालिका सुशासन कायममा अब्बल बन्दै गएको गतिलो सन्देश र उदाहरण पनि हो । कार्यक्रममा विभिन्न उमेर समुहका,भेगका जात वर्गका व्यक्तिहरुबाट पालिकाको विकास निर्माण र सेवा सुधारका सन्दर्भमा थुप्रै प्रश्न जिज्ञासाहरु प्राप्त भएका छन् । जुन पालिकाको नीति निर्माणदेखि जनप्रतिनिधि र कर्मचारीहरुको दैनिक कार्यसम्पादनलाई थप सहज र प्रभावकारी बनाउन तीन सुझाबहरु कोशे ढुंगा सावित हुने देखिन्छ ।

आफ्नो गतिविधि र काम कारबाहिको आफै समिक्षा सार्वजानिक सुनुवाई गर्दा नीतिगत रुपमा पारर्दशी नमानी प्रावधान अनुसार दोस्रो पक्ष कर्णाली पोष्ट मार्फत गरिएको सार्वजानिक सुनुवाई र समिक्षाले ऐन कानुन पालना र पुर्ण कार्यान्वयनको सन्देश दिएको छ । कार्यक्रममा आफ्ना गतिविधि नागरिक समक्ष जानकारीसंगै आबश्यक सुझाब समेत प्राप्त भए । झण्डै डेढ सयबढी नागरिक सहभागी उक्त कार्यक्रममा उठेका प्रश्नहरु,जवाफदेही वक्ताको जवाफ,प्रभावकारी सहजीकरण र कार्यक्रमपछि खुसी सन्तुष्ट नागरिकको भाव अनुसार सार्वजानिक सुनुवाई तथा समिक्षा कार्यक्रमलाई सुशासन प्रर्बद्धन,विकास र सेवा प्रवाह प्रभावकारीताको आयाम कडी मानिन्छ ।

तातोपानी गाउँपालिकाको दोस्रो चौमासिक समिक्षा तथा सार्वजानिक सुनुवाई-२०७९

.........................

प्रतिबेदनकर्ता

सागर परियार

२०७९/१२/१५